# प्रारम्भिक बालविकास तथा शिक्षाको

# हिमाल, पहाड र तराई क्षेत्रमा समावेशी ड्रइङ डिजाइनका नमुनाहरू


नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर ।

२०८२

प्रकाशक :

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर ।

© सर्वाधिकार

प्रकाशकमा

सहयोग

Co-funded by the European Union

unicef for every child

प्रकाशन वर्ष : वि.सं.२०८२

# भूमिका

प्रारम्भिक बालविकास जीवन तथा समाज विकासको जग हो । नेपालको संविधानले प्रत्येक नागरिकलाई प्रारम्भिक बालविकास र सहभागिताको हक हुने व्यवस्था गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले प्रत्येक नागरिकलाई एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षासहित अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँचको हक हुने व्यवस्था गरेको छ। उपर्युक्त संवैधानिक र नीतिगत व्यवस्थाको पृष्ठभूमिमा चार वर्ष पूरा भएका बालबालिकाको सर्वाङ्गीण विकास गरी उनीहरुलाई कक्षा एकका लागि तयार गर्नका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था गरिएको छ। प्रारम्भिक बालविकास तथा शिक्षालाई बालमैत्री र क्रियाकलापमुखी बनाउन र बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्न भौतिक वातावरण बालमैत्री हुन अति आवश्यक छ ।

यसका लागि प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मार्गदर्शक पुस्तिका, २०६७ (प्रथम संशोधन २०७५) उपलब्ध छ । न्यूनतम मापदण्ड अनुरुप कार्यान्वयनका लागि सहज बनाउन तथा कक्षाकोठालाई थप व्यवस्थित बनाइ सिकाइमैत्री बनाउन नमुनाका रुपमा यी ड्र्इङ डिजाइनको रुपमा निर्माण भएको हो । हालका कक्षाकोठालाई नै न्यूनतम लगानीमा मापदण्ड अनुसार कसरी व्यवस्थापन गर्न सकिन्छ र नयाँ प्रारम्भिक बालविकास तथा शिक्षाका भवन कसरी निर्माण र व्यवस्थापन गर्नु पर्नेछ भन्ने अभिप्रायले यो पुस्तिका तयार गरिएको छ।

पुस्तिकाको प्रभावकारी कार्यान्वयनमार्फत प्रारम्भिक बालविकास र शिक्षालाई थप व्यवस्थित हुने अपेक्षा गरिएको छ।यस पुस्तिकाका केही पक्षहरूको कार्यान्वयनबाट पनि कक्षाकोठा बालमैत्री र बालबालिकाको सिकाइमा सहयोगी हुन सक्छन् ।कक्षाकोठाको व्यवस्थापनको मुख्य जिम्मेवारी शिक्षक र विद्यालय व्यवस्थापनको हुने हुँदा यस डिजाइनले मापदण्डअनुसार व्यवस्थित कक्षाकोठा बनाउन सहयोग पुर्याउने अपेक्षा राख्दछौं । यस पुस्तिकाको कार्यान्वयनकालागि तीनै तहका सरकारबाट सम्बन्धित निकाय, दातृ निकाय, गैरसरकारी तथा सामुदायिक संस्था तथा अन्य सम्बन्धित व्यक्ति र संस्थाहरूमा पनि सहयोग तथा सहकार्यको आह्वान गर्न चाहन्छौ ।

अन्तिममा यो पुस्तिका तयार गर्न सहयोग पुऱ्याउनु हुने सम्बद्ध विज्ञ र सरोकारवालाहरुमा हार्दिक धन्यवाद दिन चाहन्छौं।

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# विषयसूची

उद्देश्य - 5 -
प्रक्रिया - 6 -
सैद्धान्तिक अवधारणा - 6 -
ड्रइङ डिजाइनको प्रयोग सम्बन्धमा - 9 -
ड्रइङ डिजाइन (हालका कक्षाकोठा) - 11 -
ड्रइङ डिजाइन (नयाँ भवन) - 27 -

## परिचय

गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरुले बालबालिकाको शारीरिक, बौद्धिक, भाषिक, सामाजिक तथा संवेगात्मक विकासमा योगदान पुर्याउँदछ । बालविकास केन्द्र तथा पूर्व प्राथमिक कक्षाहरुमा सिकाइका विविध क्रियाकलाप गर्ने अवसर पाएमा उनीहरुको विद्यालय शिक्षाको लागि तयार हुनुको साथै भावी शिक्षाको र जीवन कै बलियो आधारशिला निर्माण हुन्छ । प्रारम्भिक बालविकास तथा शिक्षालाई बालमैत्री, बालकेन्द्रित र क्रियाकलापमुखी बनाउन र बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्न भौतिक वातावरण बालमैत्री हुन अति आवश्यक छ ।

प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मार्गदर्शक पुस्तिका, २०६७ (प्रथम संशोधन २०७५) ले बालबालिकाका लागि बालमैत्री र क्रियाकलापमुखी बनाउन निर्देशित गरेतापनि धेरै जसो कक्षामा पर्याप्त रुपमा न्युनतम मापदण्डका कुराहरू राखिएका पाईदैन । विभिन्न सामग्री भएका कक्षाकोठामा पनि कक्षाकोठाको उचित व्यवस्थापन हुन नसकेका कक्षाकोठा पनि कम छैनन् । बालबालिकाको विकास तथा सिकाइमा भौतिक वातावरणको पनि ठूलो भूमिका हुन्छ ।

प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड अनुरुप कार्यान्वयनका लागि सहज बनाउन तथा कक्षाकोठालाई थप व्यवस्थित बनाइ सिकाइमैत्री बनाउन नमुनाका रुपमा यी ड्रइङ डिजाइनको निर्माण भएको हो । प्रारम्भिक बालविकास कक्षा/ केन्द्रहरूका लागि मापदण्ड अनुरूप गुणस्तर कायम गर्न र तिनीहरूको दिगो कार्यान्वयनको लागि नियामक ढाँचा (Regulatory Framework) बनाउन, अनुगमन गर्न तथा हालको अवस्थामा सुधार गर्दै गुणस्तरीय सिकाइ वातावरण सिर्जना गर्न यी डिजाइनहरूले सहयोग गर्दछ । स्थानीय परिवेशअनुसार भवनमा केही परिवर्तन हुने भएतापनि यस डिजाइनले कक्षाकोठाको उचित व्यवस्थापनमा सहयोग पुर्याउने अपेक्षा राखिएको छ ।

## उद्देश्य

यस पुस्तिकाका दुई प्रमुख उद्देश्य छन् ।

(१) हालका कक्षाकोठालाई न्यूनतम लगानीमा प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मार्गदर्शक पुस्तिका, २०६७ (प्रथम संशोधन २०७५) अनुसार कसरी व्यवस्थापन गर्न सकिन्छ प्रष्ट पार्ने ।

(२) प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मार्गदर्शक पुस्तिका, २०६७ (प्रथम संशोधन २०७५) अनुसार नयाँ प्रारम्भिक बालविकास तथा शिक्षाका भवन कसरी निर्माण र व्यवस्थापन गर्ने बारे मार्गनिर्देशित गर्ने।

**प्रक्रिया**

यस पुस्तिको निर्माण यस शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशकको अध्यक्षता तथा सम्बन्धित शाखा र प्रारम्भिक बालविकास विशेषज्ञको सहभागितामा निर्देशक समितिबाट भएको हो। यसकालागि ड्रइङ डिजाइन बनाउने आधारहरू तय गर्न प्रारम्भिक बालविकास विशेषज्ञ तथा इन्जिनियरहरूको समूहले सैद्धान्तिक पक्षहरूको पुनरावलोकन गरी साझा अवधारणा निर्देशक समितिलाई प्रस्तुत गरिसकेपछि ड्रइङ डिजाइनको खेस्रा तयार पारिएको थियो ।सो खेस्रालाई पुनः समितिमा छलफल पश्चात विभिन्न सरोकारवालासँग परामर्श गरी अन्तिमिकरण गरिएको हो ।

**सैद्धान्तिक अवधारणा**

१. **यस डिजाइनको आधारका रुपमा हाल कार्यान्वयनमा रहेको विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० र प्रारम्भिक बालविकास केन्द्रको लागि राष्ट्रिय न्यूनतम मार्गदर्शक पुस्तिका, २०६७ (प्रथम संशोधन २०७५) लाई लिइएको छ** । यस पुस्तिकामा सानो र ठूलो कोठाका नमुनाहरू मात्र दिइएका छन् । स्थानीय परिवेशअनुसार यसको आधारमा अनुकुलन गर्न सकिनेछ । न्यूनतम मापदण्ड अनुसार २५ जना भन्दा बढी बालबालिका भएको अवस्थामा थप कक्षाको व्यवस्था गर्नु पर्दछ ।थप कक्षा पनि यही ड्रइङ डिजाइन अनुरुप व्यवस्थापन गर्न सुझाइएको छ ।

२. **कक्षाकोठा बालबालिकाको सिकाइको लागि सफा, सुरक्षित, समावेशी र आरामदायी हुनुपर्छ**।

(क) कक्षाकोठा सफा राख्नकालागि आवश्यक रुपमा सामान भण्डारण गर्ने ठाँउको व्यवस्था गरिएको छ । धेरै सामानहरू बाहिर राख्नेभन्दा कहिलेकाही मात्र प्रयोग हुने सामग्रीलाई दराजहरूमा राख्न सुझाइएको छ । अध्ययनहरूले सुझाएअनुसार बालबालिकाको ध्यानकेन्द्रित गर्न र सिकाइलाई दिगो बनाउन २०-५०% भित्ताहरू मात्र डिस्प्ले बोर्ड वा अन्य चार्टले सजाइएको हुनुपर्छ ।चहकिला रङ भएको वातावरणमा बालबालिकालाई

ध्यानकेन्द्रित गर्न गाह्रो हुने हुँदा डिजाइनमा तटस्थ तथा प्राकृतिक रङको प्रयोग गरिएको छ ।

(ख) सुरक्षित वातावरणकालागि बालबालिकालाई चोटपटक नलाग्ने, हल्का र उमेर अनुरुपको उचाइमा सामग्रीहरू राख्न सुझाइएको छ ।विपदको बेलामा निस्कने मिल्ने गरी दुवै ढोकाहरू खोल्न मिल्ने ठाँउ छोडिएको छ ।साथै एउटा ढोका सीधा बाहिरी क्षेत्रसँग जोडिएको छ ।भित्ताका दराजहरू भूकम्पका बेलामा नढल्ने गरी नट बोल्टले भित्तामा जडान गर्न सुझाइएको छ ।

कार्पेट बिच्छ्याउनाले सफा गर्न गार्हो हुने र धूलोले गर्दा श्वासप्रश्वास सम्बन्धी समस्या हुने अनुसन्धानहरू पाइएका छन् ।तसर्थ बालबालिकाको स्वास्थ्यलाई ख्यालमा राखी स्थानीय परिवेशअनुसार पी-फोम माथि टाँट (भिनाइल सीट) बिच्छ्याउने, पार्केटिङ गर्ने वा स्थानीय रुपमा उपलब्ध सामग्री (गुन्द्री/कपडाका गद्दा) प्रयोग गर्दा सरसफाइको लागि सजिलो हुने हुँदा बालबालिकालाई एलर्जी लगायत श्वासप्रश्वासका रोगहरूबाट बचाउन सकिन्छ ।

प्रारम्भिक बाल विकास कक्षामा आउने बालबालिका स्वभावले नै जिज्ञासु र चञ्चल हुन्छन् । प्रारम्भिक बालविकास कक्षाको वातावरण बालबालिकाको जिज्ञासा, आश्चर्य र कल्पनालाई बढावा दिने तथा प्रेरित गर्ने हुनुपर्छ। कक्षाको वातावरणले सिकाइलाई रोमाञ्चक, खोज तथा अन्वेषण गर्न उत्प्रेरित गर्न मद्दत गर्नुपर्दछ ।यसकालागि बसाइ व्यवस्थापन मिश्रित (भूँइ बसाइ र कुर्सी टेबल) गरिएको छ ।न्यूनतम ६ वटा सिकाइ क्षेत्रलाई भाषा र गणित क्षेत्रलाई शान्त सिकाइ क्षेत्र, निर्माण र अभिनय क्षेत्रलाई सक्रिय क्षेत्र तथा श्रृजनात्मक र विज्ञान क्षेत्रलाई भिज्न सजिलो क्षेत्रका रुपमा परिभाषित गरी सँगसँगै राखेर व्यवस्थापन गर्न सुझाइएको छ ।

(ग) समावेशी भौतिक वातावरणकालागि भूँइतलामा कक्षाकोठा राखिएको र **अपाङ्गतामैत्री** डिजाइन बनाइएको छ । कक्षाकोठामा भएका धेरैजसो सामग्रीहरू बालबालिकाका लागि हुन्, त्यसैले यसलाई समावेशी रुपमा उपलब्ध गराउन बालबालिकाको उचाइमा राख्नुपर्छ । साथै **भित्ताका सामग्री पनि बालबालिकाको आँखाको उचाइसँग समायोजन हुने गरी** राखिएको छ ।

(घ) कक्षाकोठालाई आरामदायी बनाउन बालबालिकाको संख्याअनुसार डिजाइनमा आवश्यक स्थान सुनिश्चित गरिएको छ। न्युनतम मापदण्डअनुसार कक्षाकोठामा अधिकतम २५

जनासम्म एउटा कक्षामा अटाउन सक्छन् । **दैनिक कार्यतालिकाअनुसारका क्रियाकलापहरू गर्न आवश्यक न्यूनतम ६ वटा सिकाइ क्षेत्र बाहेक घेरा समय (ठूलो समूहमा छलफलका लागि) तथा विषयवस्तुअनुसारका सिकाइ गर्नकालागि साझा सिकाइ क्षेत्रकोलागि पनि ठाँउ बनाइएको छ ।** यस बाहेक स्थानीय परिवेशअनुसार बाहिरी खेल क्षेत्र, बालुवा, पानी क्षेत्र लगायत विभिन्न सिकाइ क्षेत्रहरू पनि बनाउन सकिन्छ ।

३. बालबालिकाको सिकाइकालागि प्राकृतिक तत्व आवश्यक छ ।बालबालिकाले वरिपरिको वातावरणबाट सिकिरहेका हुन्छन् । अनुसन्धानले प्रकृतिमा आधारित सिकाइमा जोड दिन्छ । सिकाइ वातावरणमा रहेको प्राकृतिक तत्त्वले तनाव न्यूनीकरणमा पनि सहयोग पुर्याउँछ।तसर्थ कक्षाकोठामा प्राकृतिक रङ तथा बोटबिरूवाहरूका गमला सहितका स्थान राखेर डिजाइन गरिएको छ ।प्राकृतिक प्रकाशले बालबालिकालाई उत्प्रेरित र सकारात्मक बनाउँछ ।त्यसैले कक्षाकोठामा पर्याप्त प्रकाश आउने हिसाबले डिजाइन गरिएको छ । नयाँ भवन बनाउँदा तथा हालका कक्षा बाहिर ठाँउ रहेको खण्डमा बाहिरी वातावरण कस्तो बनाउन सकिन्छ भन्ने उदाहरण पनि यस डिजाइनमा राखिएको छ ।

४. बालबालिकाले विभिन्न क्रियाकलापहरु गरेर वा शारीरिक सक्रियता मार्फत सिक्छन् । त्यसैले सिकाइ वातावरण सक्रिय सहभागिता सुनिश्चित गर्ने हुनुपर्छ । कक्षाकोठामा हल्का किसिमका फर्निचर प्रयोग गरी कक्षाकोठालाई आवश्यकता अनुसार विभिन्न क्षेत्रमा विभाजित गर्न वा ठूलो-सानो गर्न सकिन्छ, जसले बालबालिकालाई क्रियाशील बनाउन मद्दत गर्छ।

५. हालका विद्यालय भवनहरूको भूइतलामा प्रारम्भिक बालविकास कक्षा तथा कक्षा १ लाई राख्न र कक्षाकोठा नजिकैको शौचालयलाई साना बालबालिकाले प्रयोग गर्ने हुनाले सोही अनुसारको उचाइमा हात धुने ठाँउ तथा सानो प्यानको व्यवस्था गर्न सुझाइएको छ।सबैकालागि उपयुक्त उचाइका शौचालयको फिक्स्चरहरूमा पहुँच सुनिश्चित गरिनुपर्छ ।

६. प्रारम्भिक बालविकास कक्षा/ केन्द्रकालागि छुट्टै नयाँ भवन/ ब्लक बनाउँदा र विद्यालयमा साझा गर्न नसकिने खण्डमा शिक्षक-शिक्षिका कार्यालय, बहुउद्देश्यीय कोठा, भान्सा कोठा र बालबालिकाको लागि सामान्य र अपाङ्गमैत्री शौचालय पनि बनाउन सुझाइएको छ । साथै खेल मैदानको पनि छुट्टै डिजाइन समावेश छ।

७. नेपालको भौगोलिक विविधताअनुसार हिमाली क्षेत्रमा न्यानोपना बढाउन कक्षाकोठाका झ्यालहरू दक्षिण र दक्षिण पश्चिम दिशामा फर्काउनु पर्छ र गाह्रो ढुंगाको बनाउन सकिन्छ । हिउँदमा पातहरू झर्दा तातो प्राप्त गर्न सकियोस् भनेर पर्णपाती रूखहरू रोप्नु पर्छ ।हिउँ र पानीबाट बच्न स्लोप छानाको प्रयोग सुझाइएको छ । तलाको (कोठाको) उचाइ ३.२

मिटर सुझाइएको छ।तराई क्षेत्रमा शीतल बनाउन कक्षाकोठाका झ्यालहरू उत्तर र उत्तर पूर्व दिशामा हुनुपर्छ र गाह्रो पाकेको ईटाको बनाउन सकिन्छ । तातो कम गर्न दक्षिण र दक्षिणपश्चिम दिशामा रुखहरू रोप्नु पर्छ । तलाको को उचाइ ३.६ मिटर सुझाइएको छ ।

८. हिमाली तथा पहाडी क्षेत्रमा पर्याप्त प्रकाशको लागि झ्यालको न्यूनतम क्षेत्र कोठाको क्षेत्रको १/१० भाग हुनु पर्छ र हावा संचारको लागि १/८ भाग हुनु पर्छ । तराई क्षेत्रमा पर्याप्त प्रकाशको र हावा संचारको लागि लागि झ्यालको न्यूनतम क्षेत्र कोठाको क्षेत्रको १/१० भाग हुनु पर्छ ।

९. बाहिरी खेल क्षेत्रमा बालबालिकाहरुका उमेर उपयुक्त खेल उपकरणहरू राख्नुपर्छ । बालुवा तथा पानी खेल क्षेत्र बाहिर हालिएका छन् । बाहिरी क्षेत्रको सतहमा तीन किसिमका सामाग्रीहरूको प्रावधान गरिएको छ । खेल उपकरण भएको क्षेत्रमा लचक सतहको व्यवस्था हुनुपर्छ । लचक सतह जस्तै काठका तथा रबरका टुक्राहरू प्रयोग गर्नुको मुख्य उद्देश्य बालबालिका लड्दा चोटपटक नलागोस् भनेर हो । अन्य खेल क्षेत्रमा हरियाली सतह अर्थात् घाँसको प्रावधान हुनुपर्छ । बालबालिका तथा अन्य मानिसहरु हिंडडुल गर्न कडा सतह जस्तै कंक्रिट, ढुंगाको ब्लक गर्नु पर्छ ।

१०. बालबालिकाको सुरक्षाको लागि चारै सिमानामा न्यूनतम १.८ मीटर उचाइको पर्खाल बनाउनुपर्छ र सुरक्षित मुख्य प्रवेश द्वारको व्यवस्था हुनुपर्छ । यदि विद्यालयको कुनै सिमाना मूल सडक, कारखाना, तथा अन्य खतराजन्य क्षेत्रसँग टाँसिएको छ भने, त्यस सिमानामा न्यूनतम २.४ मीटर उचाइको पर्खाल बनाउनुपर्छ ।


**ड्रइङ डिजाइनको प्रयोग सम्बन्धमा**

यस डिजाइनको आधारका रुपमा हाल कार्यान्वयनमा रहेको विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० र प्रारम्भिक बालविकास केन्द्रको लागि राष्ट्रिय न्यूनतम मार्गदर्शक पुस्तिका,२०६७ (प्रथम संशोधन २०७५) लाई लिइएको छ ।तसर्थ सो अगाडि बनेका बालविकास केन्द्र वा कक्षाहरू दिइएका क्षेत्रफलभन्दा साना पनि हुन सक्छन् ।प्रदेश सरकार, स्थानीय सरकार तथा अन्य निकाय/संस्थाहरूबाट नमुना बालविकास कक्षा विकासकोलागि यी डिजाइनको प्रयोग गर्न सहयोग पुर्याउनेछ ।यस डिजाइनमा दिइएकाभन्दा साना कक्षाकोठाहरू भएमा कक्षाकोठाको व्यवस्थापन बालमैत्री बनाउन पनि यसले सहयोग पुरयाउने अपेक्षा लिइएको छ । ड्रइङ डिजाइनको प्रयोगका लागि निम्न कुरामा विशेष ध्यान दिनुहोस् ।

- नयाँ मापदण्ड अनुसार भवन नबनेसम्म हाल सञ्चालन भइरहेका कक्षाकोठालाई सकेसम्म न्यूनतम मापदण्ड पुरा हुने गरी व्यवस्थापन गर्नुहोस् ।
- स्रोतको उपलब्धता तथा स्थानीय/भौगोलिक अवस्था अनुसार क्रमिक रुपमा डिजाइन अनुसार सुधार गर्न सकिन्छ । उदाहरणको लागि, कक्षाकोठा सजावट/ व्यवस्थापन स्रोत बिना तथा कम स्रोतमा पनि गर्न सकिने कुराहरू हुन् ।
- बसाइ व्यवस्थापनलाई पहिलो प्राथमिकतामा राख्नुहोस् । बालबालिकाको बसाइ न्यानो तथा सफा बनाउन जोड दिनुहोस् । विभिन्न अनुसन्धानले कार्पेट बसाइले बालबालिकालाई रोगी बनाउने देखिएकोले सरसफाइ गर्न सहज टाँट वा पार्केटिङ गर्नुहोस् । स्थानीय स्तरमा सहज रुपमा सफा तथा बालबालिकालाई न्यानो राख्न सकिने बसाइ व्यवस्थापन गर्नुहोस् ।
- बालबालिकालाई चोटपटक नलाग्ने फर्निचर व्यवस्थापान तथा भूकम्पको बेला नढल्ने गरी राख्नुहोस् ।
- सकेसम्म ड्रइङ डिजाइन अनुसार न्यूनतम ६ वटा सिकाइ क्षेत्रको व्यवस्थापन गर्नुहोस् ।कक्षाकोठा भित्र नअटाउने खण्डमा सिकाइ क्षेत्रलाई बाहिरपनि सिकाइ क्षेत्रको व्यवस्थापन गर्न सकिन्छ ।
- भित्ताका सामग्री बालबालिकाको आँखाको उचाइसँग समायोजन हुने गरी राख्नुहोस् र बढीमा ५०% भित्ता मात्र बालबालिकाले प्रयोग गर्ने सामग्रीले सजाउनुहोस् ।
- कक्षाकोठामा प्राकृतिक रङको प्रयोग तथा बालबालिकालाई प्राकृतिक वातावरणमा पहुँच सुनिश्चित गर्नुहोस् ।
- बालविकास कक्षाका लागि केन्द्र बाहिर नै रहेको खण्डमा पनि शौचालयको पहुँच सहज बनाउनुहोस् । शौचालय साना बालबालिकामैत्री (सानो प्यान/युरिनल, सुरक्षित, ढोका खोल्न र बन्द गर्न सहज तथा सफा) भएको सुनिश्चित गर्नुहोस् ।
- आदर्श डिजाइनको केन्द्र निर्माण गर्दा सकेसम्म ठुलो र अनिवार्य बालमैत्री तथा अपाङ्गमैत्री गर्नुहोस् ।
- भौगोलिक अवस्था र परिवेश अनुसार मापदण्डसँग नबाझिने गरी जग्गाको आकारअनुसार अन्य नमुना पनि विकास गर्न सकिनेछ ।

ड्रइङ डिजाइन (हालका कक्षाकोठा)

## (हालको) भुइँ तल्लाको नक्सा




स्थान: पहाडी क्षेत्र
स्रोत: शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## FLOOR PLAN




AREA

8 SQ.M    5 SQ.M    4 SQ.M    3 SQ.M

4 SQ.M    3 SQ.M    8 SQ.M    7 SQ.M


# FURNITURE LAYOUT





- फर्नीचर तालिका

1.CHILD SIZE TABLE
2.CHILD SIZE ART TABLE
3.STORY BOOK CABINATE
4.CLOSED STORAGE SHELF
5. LOW DISPLAY SHELF
6.OPEN MULTI-UNIT LOW STORAGE SHELVES
7. CUBICLES
8.CLOSED STORAGE SHELF (SMALL HEIGHT)
9. TEACHER'S CHAIR
10. SOFT BOARD
11.CLOSED STORAGE SHELF (SMALL HEIGHT)
12. WATER BUCKET
13.WATER DESPENSER

# एक्सोनोमेट्रिक दृश्य



# एक्सोनोमेट्रिक दृश्य



## 3D VIEWS




ECED कक्षाको आन्तरिक दृश्य

## भित्री दृश्यहरू





ECED कक्षाको आन्तरिक दृश्य

## 3D VIEWS



ECED कक्षाको आन्तरिक दृश्य

# SECTIONS





नाप मिलिमिटरमा

## SECTIONS





नाप मिलिमिटरमा

## SECTIONS





नाप मिलिमिटरमा

## SECTIONS





नाप मिलिमिटरमा

## हालको शौचालय डिजाइन




## हालको शौचालय




नाप मिलिमिटरमा

## हालको शौचालय




नाप मिलिमिटरमा

# बालमैत्री प्यान र युरिनल साइज

- बालमैत्री प्यान




## SP-027F


Squat Pan

Size: 405x315x200mm

Gravity-fed flushing system




- बालमैत्री युरिनल



## ड्राइङ डिजाइन (नयाँ भवन)

### बाहिरी 3D दृश्य

- हिमाली क्षेत्रका लागि :



- **तला को उचाइ :** ३.२ मिटर
- **वनस्पति :** हिउँदमा पातहरू झर्दा केन्द्रमा तातो प्राप्त गर्न सकियोस् भनेर पर्णपाती रूखहरू रोप्नु पर्छ ।
- **अभिमुखीकरण :** कक्षाकोठामा न्यानोपन बढाउनको लागि कक्षाकोठा दक्षिण र दक्षिण पश्चिम दिशामा फर्काउनु पर्छ ।

## बाहिरी 3D दृश्य

- तराई क्षेत्रका लागि :



- **तला को उचाइ :** ३.६ मिटर
- **वनस्पति :** फराकिलो पातदार रूखहरू तातो कम गर्न दक्षिण र दक्षिणपश्चिम दिशामा रूखहरू रोप्नु पर्छ ।
- **अभिमुखीकरण :** कक्षाकोठा उत्तर र उत्तर  पूर्व दिशामा हुनुपर्छ ।

## बाहिरी दृश्यहरू



मोडेल ECED को मुख्य प्रवेशद्वारको 3D दृश्य|

## बाहिरी दृश्यहरू



मोडेल ECED को खेल मैदानको 3D दृश्य |

# साइटको नक्सा




१० मी

- **क्षेत्रफल**
  - स्टाफ लाउन्ज — १६. वर्ग मीटर
  - बहुउद्देश्यीय / बैठक कोठा — २४. वर्ग मीटर
  - भान्सा कोठा — १३. वर्ग मीटर
  - शौचालय — १०. वर्ग मीटर
  - ECED कक्षा कोठा — ७५. वर्ग मीटर
  - सक्रिय खेल क्षेत्र — २१. वर्ग मीटर

प्लिन्थ क्षेत्रफल: २४५ वर्ग मीटर
कडा सतह क्षेत्रफल: १८० वर्ग मीटर
हरियाली क्षेत्रफल: २४५ वर्ग मीटर
बालुवा क्षेत्रफल: १८० वर्ग मीटर

**अनुक्रमणिका**

१. प्रवेश द्वार
२. ECED भवन
३. सक्रिय खेल क्षेत्र
४. बालुवा खेल क्षेत्र
६. Shade
७. करेसा बारी

## भुइँ तलाको नक्सा




**अनुक्रमणिका**

१. स्टाफ लाउन्ज (कार्यालय)
२. बहुउद्देश्यीय कोठा
३. भान्सा कोठा
४. शौचालय
५. सक्रिय खेल क्षेत्र
६. ECED कक्षा कोठा

# कक्षाकोठाको नक्सा


साझा सिकाइ क्षेत्र
भाषा सिकाइ क्षेत्र
गणित सिकाइ क्षेत्र
विज्ञान सिकाइ क्षेत्र
N
शान्त क्षेत्र
पानी प्रयोग हुने क्षेत्र
सक्रिय क्षेत्र
AREA
भण्डार
स्वावलम्बन तथा निर्माण सिकाइ क्षेत्र
अभिनय सिकाइ क्षेत्र
सृजनात्मक सिकाइ क्षेत्र
20 SQ.M
5 SQ.M
5 SQ.M
8 SQ.M
8 SQ.M
11 SQ.M
10 SQ.M
8 SQ.M


# FURNITURE LAYOUT





- फर्नीचर तालिका

1. CHILD SIZED TABLE
2. CHILD SIZED ART TABLE
3. STORY BOOK CABINATE
4. CLOSED STORAGE SHELF
5. LOW DISPLAY SHELVES
6. OPEN MULTI-UNIT LOW STORAGE SHELVES
7. CUBICLES
8. CLOSED STORAGE SHELF (SMALL HEIGHT)
9. COAT STORAGE SHELF
10. SOFT BOARD
11. WATER DESPENSER
12. WATER BUCKET
13. FLOWER RACK


# एक्सोनोमेट्रिक दृश्य



# एक्सोनोमेट्रिक दृश्य




# DISPLAY WALLS





नाप मिलिमिटरमा

## SECTIONS




नाप मिलिमिटरमा

## SECTIONS




नाप मिलिमिटरमा

## SECTIONS

नाप मिलिमिटरमा



## भित्री दृश्यहरू



ECED कक्षा कोठाको गणितीय सिकाइ क्षेत्रबाट आन्तरिक दृश्य



ECED कक्षाको कला क्षेत्र तथा विज्ञान क्षेत्र को आन्तरिक दृश्य

## भित्री दृश्यहरू




ECED कक्षाकोठाको सामान्य र अतिरिक्त स्टोर क्षेत्रको आन्तरिक दृश्य।



ECED कक्षाकोठाको खुला क्षेत्र र गणितीय सिकाइ क्षेत्रको आन्तरिक दृश्य

# TOILET DETAILS




नाप मिलिमिटरमा

